September 17th, 2024

Tuesday

National News

<u>प्रमुख समाचार:</u>

1. महिला, कृषक, युवा, गरिब तथा मध्यमवर्गीय जनताको सहभागितामा मुलुक विकसित राष्ट्र बन्ने दिशामा द्रुत गतिमा अघि बढिरहेको प्रधानमन्त्री श्री नरेन्द्र मोदीको अभिव्यक्ति
2. नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकालको 100 दिन पूरा
3. जल संरक्षणको लक्ष्य हासिल गर्न जनआन्दोलन गर्नुपर्नेमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको जोड
4. आम आदमी पार्टीद्वारा अतिशीलाई दिल्लीको नयाँ मुख्यमन्त्रीको रूपमा नियुक्त
5. भारत पाँचौंपल्ट एसियाली हक्की च्याम्पियन्स ट्रफीको उपाधि जित्न सफल

अब समाचार विस्तारमा

1. <u>PM Odisha</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले महिला, कृषक, युवा, गरिब तथा मध्यमवर्गीय जनताको सहभागितामा मुलुक विकसित राष्ट्र बन्ने दिशामा द्रुत गतिमा अघि बढिरहेको बताउनुभएको छ। आज प्रधानमन्त्रीले भुवनेश्वरमा महिलाका लागि राज्य सरकारको महत्वाकांक्षी सुभद्रा योजनाका साथै रेलवे र राष्ट्रिय राजमार्ग परियोजनाहरूको शुभारम्भ गर्नुभएको छ। सार्वजनिक सभालाई सम्बोधन गर्दै श्री मोदीले सुभद्रा योजनाले महिला सशक्तिकरणलाई बढावा दिने र महिला शक्तिका लागि आर्थिक स्वतन्त्रता सुनिश्चित गर्ने बताउनुभयो । यस योजनाबाट एक करोडभन्दा बढी महिला लाभान्वित हुनेछन्। श्री मोदीले 2800 करोड रुपैयाँ लागतको रेलवे परियोजनाहरू र 1000 करोड रुपैयाँभन्दा बढी लागतको राष्ट्रिय राजमार्ग परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुभयो। उहाँले प्रधानमन्त्री आवास योजना-ग्रामीण अन्तर्गत करिब १० लाख लाभार्थीहरूका लागि 3,180 करोड रुपैयाँको सहायताको पहिलो किस्ता पनि जारी गर्नुभयो। प्रधानमन्त्रीले ओडिशा सहित सम्पूर्ण देशमा ७५ हजार नयाँ मेडिकल सिट थप्ने निर्णय पनि गरिएको पनि बताउनुभयो। श्री मोदीले आफ्नो सरकारको तेस्रो कार्यकालको १०० दिन पूरा भएको र यस अवधिमा धेरै परियोजना र योजनाहरू सुरु भएको चर्चा गर्नुभयो।

## 2. 100 Days – Shah, Singh, Puri

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले नरेन्द्र मोदी सरकारले देशको सुरक्षा व्यवस्थालाई मजबुत बनाएर सुरक्षित भारत बनाएको बताउनुभएको छ । मोदी सरकारको तेस्रो कार्यकालको सय दिन पूरा भएको अवसरमा आज यहाँ आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै श्री शाहले सरकारले देशलाई प्रगतिको बाटोमा लैजान विगत १० वर्षमा धेरै कदम चालेको बताउनुभयो । रक्षामन्त्री श्री  राजनाथ सिंहले भारतलाई रक्षा क्षेत्रमा आत्मनिर्भर बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ । नरेन्द्र मोदी सरकारको 100 दिनको कार्यकालको प्रशंसा गर्दै, श्री सिंहले गत तीन महिनामा मन्त्रालयले 1.5 लाख करोड रुपैयाँको रक्षा खरिदहरू स्वीकृत गरेको बताउनुभयो। पेट्रोलियम र प्राकृतिक ग्यास मन्त्री श्री  हरदीप सिंह पुरीले आज मोदी सरकारको तेस्रो कार्यकालको पहिलो 100 दिनको प्रशंसा गर्दै सरकारले अभूतपूर्व काम गरेको बताउनुभयो। श्री पुरीले 2014 देखि शहरी खर्च एघार गुणा बढेको उल्लेख गर्नुभयो।

## 3. Prez Jal Saptah

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले जल संरक्षण, सुधार व्यवस्थापन, विकास र वितरणको लक्ष्य हासिल गर्न जनआन्दोलन अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । आज नयाँ दिल्लीको भरत मण्डपममा आठौं भारत जल सप्ताहको उद्घाटन गर्दै, प्रधानमन्त्रीले जल संरक्षण र दिगोपनको मुद्दालाई सम्बोधन गर्न एकजुट प्रयासको महत्त्व उल्लेख गर्नुभयो। राष्ट्रपति श्रीमती मुर्मुले भारतको प्राचीन धर्मग्रन्थमा हजारौं वर्ष पहिले जल संरक्षणको उल्लेख गरिएको बताउनुभयो ।

## 4. Yadav – Environment

केन्द्रीय वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्री श्री भूपेन्द्र यादवले पेरिस सम्झौताका सबै सूचकाङ्क समयभन्दा अघि नै पूरा गर्ने थोरै देशमध्ये भारत रहेको बताउनुभएको छ। आज नयाँ दिल्लीमा एक कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्रीले दिगो वातावरण निर्माणका लागि सरकारले विभिन्न उपायहरु अपनाएको बताउनुभयो ।

## 5. Delhi CM

दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवालले आफ्नो पदबाट राजीनामा दिनुभएको छ। श्री केजरीवालले आज साँझ उपराज्यपाल वीके सक्सेनालाई भेटेर राजीनामा बुझाउनुभयो।। आम आदमी पार्टीले आज पार्टीका वरिष्ठ नेता आतिशीलाई दिल्लीको नयाँ मुख्यमन्त्री बनाउने घोषणा गरेको छ । आज, नयाँ दिल्लीमा पार्टी विधायकहरूको बैठकमा, उहाँलाई आप विधायक पार्टीको नेताको रूपमा चयन गरिएको छ। बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै दिल्लीका मन्त्री श्री गोपाल राईले आगामी विधानसभा चुनावसम्म आतिशी मुख्यमन्त्री रहने सर्वसम्मतिले निर्णय भएको बताउनुभयो ।

## 6. West Bengal - Commissioner

भारतीय प्रहरी सेवाका अधिकृत श्री मनोज कुमार वर्मा आज कोलकाता प्रहरीको नयाँ आयुक्तमा नियुक्त हुनुभएको । वर्तमान कोलकाता पुलिस आयुक्त श्री विनीत कुमार गोयललाई पश्चिम बंगाल पुलिसको विशेष कार्य बलमा अतिरिक्त महानिदेशक र पुलिस महानिरीक्षकको रूपमा सरुवा गरिएको छ। कोलकाता उत्तर डिभिजनका पुलिस उपायुक्त आईपीएस अभिषेक गुप्तालाई इस्टर्न फ्रन्टियर राइफल्समा कमाण्डेन्टको रूपमा सरुवा गरिएको छ। आरजी कार मेडिकल कलेज र अस्पताल कोलकाता पुलिसको उत्तरी डिभिजन अन्तर्गत आउँछ। जुनियर डाक्टरहरुले पनि उनलाई हटाउन माग गरेका थिए ।

## 7. Jammu Kashmir – First Phase Election

जम्मु कश्मीरको केन्द्र शासित प्रदेशका सात जिल्लाका २४ विधानसभा सीटका लागि भोलि पहिलो चरणमा मतदान हुँदैछ। पछिल्लो १० वर्षमा पहिलो पटक विधानसभाको पहिलो चरणमा मतदान हुँदैछ । २४ विधानसभा क्षेत्रमा २३ लाखभन्दा धेरै मतदाताहरू छन्। यहाँ ९० स्वतन्त्र उम्मेदवारसहित २१९ उम्मेदवार चुनावी मैदानमा छन्। धेरै मानिसहरूले आफ्नो मताधिकार प्रयोग गर्न सकून् भन्ने हेतुले जम्मु कश्मीर पुलिसले मतदानको समयमा विस्तृत सुरक्षा व्यवस्था गरेको छ।

## 8. Haryana Election

यसैबीच हरियाणा विधानसभा चुनावमा उम्मेदवारी फिर्ता लिएपछि एक हजार ३१ उम्मेदवार मैदानमा छन्। उम्मेदवारी फिर्ता लिने अन्तिम दिन हिजो १९० जनाले आफ्नो नाम फिर्ता लिएको मुख्य निर्वाचन अधिकृत श्री पंकज अग्रवालले जानकारी दिनुभयो।

## 9. Prasar Bharati – Hindi Diwas

प्रसार भारतीका अध्यक्ष श्री नवनीतकुमार सहगलले सबै भाषालाई सम्मान गर्दै हिन्दीलाई प्रवद्र्धन गर्नुपर्ने बताउनुभएको छ। आज नयाँ दिल्लीस्थित प्रसार भारती सचिवालयमा हिन्दी दिवसको सन्दर्भमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै श्री सहगलले हिन्दी भाषा बोल्न सजिलो र सजिलै बुझ्ने भाषा भएको बताउनुभयो । उहाँले सबैले गर्वका साथ हिन्दी बोल्नुपर्ने बताउनुभयो। प्रसार भारतीका प्रमुख कार्यकारी अधिकृत श्री गौरव द्विवेदीले कार्यालयमा दैनिक कामकाजमा हिन्दीको प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा आकाशवाणी रेडियोका महानिर्देशक, दूरदर्शनका महानिर्देशकलगायत अन्य वरिष्ठ अधिकारीहरू पनि सहभागी थिए।

## 10. Swachata Hi Sewa

आजदेखि स्वच्छता ही सेवा अभियान सुरु भएको छ । यो अक्टोबर २ सम्म जारी रहनेछ। यस वर्षको नारा प्रकृतिको सरसफाई, संस्कृतिको सरसफाई रहेको छ ।

## 11. Asian Hockey Championship

हक्कीमा आज साँझ भारतले आयोजक चीनलाई १–० ले पराजित गर्दै पाँचौं पटक पुरुष एसियाली च्याम्पियन्स ट्रफीको उपाधि जितेर कीर्तिमान कायम गरेको छ । चीन पहिलो पटक फाइनलमा पुगेको थियो। पाकिस्तानले काँस्य पदक जितेको छ।